पैयूँ गाउँपालिका

स्थानीय राजपत्र

---

खण्डः ९ | संख्याः ३ | मितिः २०८३/०५/१८

---

भाग-२

गाउँ कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

---

## पैयूँ गाउँपालिका कार्यपालिकाको सूचना !

पैयूँ गाउँपालिकाको कार्यपालिकाको मिति २०८३।०५।१८ को बैठकको निर्णयानुसार स्वीकृत "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि, २०७८" लाई संशोधन गर्न वाञ्छनीय भएकोले, पैयूँ गाउँपालिकाको कार्यपालिकाले "पैयूँ गाउँपालिकाको प्रशासनिक कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" को दफा ४ को अधिकार प्रयोग गरी यो संशोधन कार्यविधि बनाएको छ।

### "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३"

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. दफा ७ को संशोधनः

मूल कार्यविधिको दफा ७ लाई संशोधन गरी देहाय बमोजिम कायम गरिएको छः

"दफा ७. व्यवसाय नवीकरण सम्बन्धी व्यवस्थाः (१) दफा ६ बमोजिम दर्ता भएको व्यवसाय आर्थिक वर्ष शुरु भएको ३ महिना भित्र वार्षिक कर अग्रिम रुपमा तिरी प्रत्येक आर्थिक वर्षका लागि व्यवसाय नविकरण गर्नुपर्नेछ। व्यवसाय नवीकरणका लागि व्यवसायीले देहायका कागजातहरू सहित अनुसूची (२) बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिनुपर्नेछः

(१) व्यवसाय दर्ताको प्रमाण पत्रको सक्कल।

(२) सम्पत्ति कर, भूमिकर/मालपोत वा बहाल कर तिरेको रसिदको प्रतिलिपि।

(३) सरसफाई शुल्क भुक्तान गरेको रसिदको प्रतिलिपि"।

३. अनुसूची (२) को संशोधनः

दफा ७ को संशोधनका आधारमा अनुसूची (२) बमोजिमको निवेदनको ढाँचामा आवश्यक कागजातहरूको विवरण स्वतः परिमार्जन भई सोही बमोजिम कायम हुनेछ।

आज्ञाले,

(चक्रपाणी भण्डारी)

प्रमुख प्रशासकीय अधिकृत